"Let all the Private and Boarding Schools Be United"

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल

PRIVATE & BOARDING SCHOOLS' ORGANIZATION NEPAL

(PABSON)

Regd. No. 203/2047/2048

CENTRAL EXECUTIVE COMMITTEE

Ref

Date: २०७७/०७/०४

# प्याब्सन केन्द्रीय कार्यसमितिद्वारा जारी प्रेस विज्ञप्ति

संस्थागत विद्यालय शिक्षक युनियन (ईस्टु) ले यहि मिति २०७७ साल कार्त्तिक ३ गते जारी गरेको विज्ञप्तिमा निजी तथा आवासीय अर्गनाइजेशन नेपाल (प्याब्सन) लाई लक्षित गरी व्यक्त गरिएका विषयहरु प्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ । कोभिड-१९ महामारीको कारणले अन्य देशहरुमा जस्तै हाम्रो मुलुकको शिक्षा क्षेत्र पनि नराम्ररी प्रभावित भई अस्तव्यस्त भएको कुरा सबै सामु छर्लङ्ग छ । २०७६ साल चैत्र महिनामा लकडाउनको शुरुवात सँगै प्याब्सनले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा महामारीको कारणले शैक्षिक क्षेत्रमा लामो अवरोध हुन सक्ने आशंका जनाउँदै वैकल्पिक विधिलाई अपनाई विद्यालय शिक्षालाई निरन्तरता दिनुपर्ने भनी जोडदार वकालत गर्दै आएको सबैलाई जानकारी भएकै बिषयवस्तु हो । हामीले दर्जनौं पटक शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, अर्थ मन्त्रालय, प्रदेश सरकारहरु तथा स्थानीय सरकारहरुमा शिक्षाक्षेत्र खासगरी निजी शैक्षिक संस्थाहरुका अपठ्याराहरुलाई उचित सम्बोधनका निम्ति ज्ञापनपत्र, स्मरणपत्र, छलफल, सम्वाद मार्फत अनुनय-विनय गरी राख्यौं, आन्दोलनको समेत घोषणा गर्न बाध्य भयौं तर, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले निजी शैक्षिक संस्थाका समस्यालाइ उचित सम्बोधन गर्ने आश्वासन दिएको र अभिभावक, विद्यार्थी शिक्षक एवम सरोकारवालाहरुको आग्रह समेतलाई मध्यनजर गरी पुन: बन्द गरिएका भर्चुअल /अनलाईन कक्षा सुचारु गरिएता पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले सहि समयमा उचित प्रस्ताव राख्न तथा निर्णय लिन सकेन बरु जिम्मेवार सरकारी निकायहरुबाट समय-समयमा विरोधाभाषपूर्ण निर्णय तथा अभिव्यक्तिहरुले गर्दा आम जनसमुदाय तथा हाम्रा अभिभावक विद्यार्थी शिक्षकहरुमा भ्रम मात्र सिर्जना गर्ने काम भयो । विश्वका अनेक देशहरुले महामारीको दुष्प्रभावबाट निजी /शिक्षा क्षेत्र लाई जोगाउन प्राथमिकताका साथ राहतका अनेक कार्यक्रम ल्याइए जस्तै हाम्रो शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट त्यसतर्फ खास प्रयास नभएको अवस्था प्रति आम जनसमुदाय तथा सम्पूर्ण सरोकारवाला जानकार नै छौं । निजी शैक्षिक संस्थाहरुले नितान्त आपनो प्रयासले भर्चुअल /अनलाईन कक्षा मार्फत विद्यार्थीहरुको शिक्षा पाउने अधिकारलाई कुण्ठित हुन नदिन एवम उनीहरुको सिकाइलाई निरन्तरता दिने प्रयास गरेता पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले २०७७ साल आश्विन महिना देखि मात्र विद्यालयहरुमा वैकल्पिक विधिबाट दिइने शिक्षालाई मुलप्रवाहको रुपमा घोषणा गऱ्यो । निजी शैक्षिक संस्थाहरुले अभिभावकहरुबाट संकलन गर्ने शुल्कको बारेमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यार्थी सिकाइ सहजिकरण निर्देशिका २०७७ जारी गरी स्थानीय सरकारले निर्णय गरे बमोजिम हुने भनी गरेको निर्णयले थप अन्योलता सिर्जना गरयो , तर निजी विद्यालयहरु सञ्चालन गर्न शिक्षक-कर्मचारीहरुको तलब/सुविधा, घरभाडा, विद्युत-टेलिफोन, ईन्श्योरेन्स प्रिमियम लगायतका स्थायी खर्चहरु माथि कुनै विचारै नगरी स्थानीय सरकारहरुले गर्ने पपुलिष्ट निर्णयहरुको फलस्वरुप बहुसंख्यक निजी शैक्षिक संस्थाहरु संचालन गर्न सम्भव नभएको परिस्थिति प्रति सबै पक्षलाई जानकारी गराउँदछौं । साथै, आर्थिक क्षेत्र शिथिल भएकोले अभिभावकहरुको न्यून क्रयशक्ति, इन्टरनेट र स्मार्ट डिभाइसको सिमित उपलब्धताको कारणले सिमित विद्यालयहरुमा सञ्चालित अनलाईन भर्चुअल कक्षाहरुमा ५० प्रतिशतको हाराहारीमा मात्र विद्यार्थीहरुको सँलग्नता रहेको अवस्था समेत अवगत गराउन चाहन्छौं ।

माथि उल्लेखित कारणहरुले गर्दा निजी शैक्षिक संस्थाहरु पूर्णरुपमा सञ्चालन हुने परिस्थिति नभएता पनि हामी हाम्रा विद्यालयहरुमा आबद्ध शिक्षक-कर्मचारीहरु प्रतिको दायित्वबाट पन्छिएका छैनौं ।



Central Office, Dillibazar, Kathmandu, P.O. Box No. 24973, Phone : 01-4420663, Fax : 4438404, E-mail : pabsoncc@gmail.com

अवस्था जे-जस्तो भएता पनि केहि महिनापूर्व नै २०७६ साल चैत्र महिना सम्मको तलब एकमुष्ट रुपमा भूक्तानी गर्न र २०७७ बैशाख देखि आम्दानीको अनुपातमा तलब उपलब्ध गराउन सम्पूर्ण सदस्य विद्यालयहरुलाई लिखित निर्देशन गरिसकिएको अवगत गराउन चाहन्छौं । नेपालीहरुको महान चाड बडा दशैं तथा दिपावलीलाई मध्यनजर गर्दै यस अर्गनाइजेशनले मेगा बैंक तथा प्राइम बैंकको व्यवस्थापनसँग समन्वय गरी विद्यालय सञ्चालन खर्चका निम्ति अल्पकालीन ऋण उपलब्ध गराउन सकिने गरी सम्झौता गरेको हुदा सबै सदस्य विद्यालयहरुलाई जानकारी समेत गराइसकेका छौं ।

उपरोक्त अवस्थालाई मध्यनजर गर्दै यस चाडवाडको समयमा आफ्नो विद्यालयमा कार्यरत शिक्षक-कर्मचारीहरुलाई यथासक्य तलब उपलब्ध गराउन सबै सदस्य विद्यालयहरुलाई आह्वान गर्दछौं । यस कठिन परिस्थितिलाई सकारात्मक दिशातर्फ उन्मुख गराउन इस्टु लगायत सबै सरोकारवालाहरुसँग थप सर-सल्लाह र छलफल गरी विद्यालयहरुको अवस्थालाई पनि अध्ययन गर्दै निकास निकाल्ने प्रयासलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गर्दछौं ।

(कुमार घिमिरे)
महासचिव

(टीकाराम पुरी)
अध्यक्ष

मिति : २०७७ कात्तिक ४ गते ।



Central Office, Dillibazar, Kathmandu, P.O. Box No. 24973, Phone : 01-4420663, Fax : 4438404, E-mail : pabsoncc@gmail.com